**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्ली, हरियाणा, महाराष्ट्र र कर्नाटकका विभिन्न जिल्लाहरूमा फैलिएका तीन बहु-ट्र्याकिङ परियोजनाहरू मन्त्रिपरिषद्को स्वीकृतिले रेल पूर्वाधारलाई सुदृढ पार्ने तथा युवाहरूका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने बताउनुभएको छ।**

- **गृहमन्त्री अमित शाहले आज गुजरातको गान्धीनगरस्थित महात्मा मन्दिरमा देशको पहिलो केन्द्रीय बैंक डिजिटल मुद्रा-आधारित सार्वजनिक वितरण प्रणालीको उद्घाटन गर्नुहुनेछ ।**

- **केंद्रीय कृषि एवं किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले कांग्रेस पार्टीले राष्ट्रिय हितलाई बेवास्ता गरेको आरोप लगाउनुभएको छ ।**
- **आज महाशिवरात्रिको त्योहार देशभरिमै श्रद्धा अनि आध्यात्मिक उत्साहको साथ मनाइन्दै छ ।**
- **पुरुष टी-ट्वेटी क्रिकेट विश्व कप 2026 को आज हुने म्याचमा कोलंबोको आर प्रेमदासा स्टेडियममा भारतको भिडन्त पाकिस्तानसित हुनेछ ।**

**प्रधानमंत्री - मंत्रिमंडल**

प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्ली, हरियाणा, महाराष्ट्र र कर्नाटकका विभिन्न जिल्लाहरूमा फैलिएका तीन बहु-ट्र्याकिङ परियोजनाहरूको मन्त्रिपरिषद्को स्वीकृतिले रेल पूर्वाधारलाई सुदृढ पार्ने, रसद लागत घटाउने र युवाहरूका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने बताउनुभयो।

श्री मोदीले हैदराबाद-पणजी आर्थिक करिडोरमा गुडेबेलुरदेखि महबूबनगरसम्म राष्ट्रिय राजमार्ग १६७ लाई फराकिलो बनाउने निर्णयले आर्थिक वृद्धिलाई बढावा दिने, रोजगारी सिर्जना गर्ने र जीवनस्तर सुधार गर्ने बताउनुभयो।

प्रधानमन्त्री मोदीले भन्नुभयो मन्त्रिपरिषद्ले गोहपुर र नुमालीगढ बीचको चार लेनको पहुँच-नियन्त्रित ग्रीनफिल्ड करिडोरलाई पनि अनुमोदन गरेको छ, जसमा ब्रह्मपुत्र मुनि भारतको पहिलो पानीमुनि सडक-सह-रेल सुरुङ समावेश छ। उहाँले भन्नुभयो यो परिवर्तनकारी परियोजनाले असम र सम्पूर्ण उत्तरपूर्वमा कनेक्टिभिटी बढाउनेछ, रसद लागत घटाउनेछ र विकासलाई गति दिनेछ।

श्री मोदीले भन्नुभयो मन्त्रिपरिषद्ले नोएडा सेक्टर १४२ देखि बोटानिकल गार्डेनसम्म विस्तार करिडोरलाई अनुमोदन गरेको छ।

**पीएम राहत स्कीम**

प्रधानमंत्री नरेन्द्र मोदीले सडक दुर्घटनामा घाइते भएकाहरुलाई अस्पतालमा भर्ती अनि उनीहरुलाई उपचारको गारंटी दिनको लागि **पीएम राहत स्कीम लाई स्वीकृति दिईएको छ** । यस स्कीममा कुनै पनि प्रकारको सडक दुर्घटनाको स्थितिमा सात दिनसम्म उपचारको लागि 1 लाख 50 हजार रुपिया सम्मको नकदी रहित उपचारको खर्च सरकारले उठाउनेछ । सडक परिवहन अनि राजमार्ग मंत्रालयका अनुसार यस स्कीमले यो सुनिश्चित हुनेछ कि सडक दुर्घटना पछि तुरन्तै उपचार नपाएको कारण कसैको ज्यान नजाओस् । मंत्रालयका अनुसार, सरकारले अस्पतालहरुलाई **मोटर वाहन दुर्घटना कोष बाट** भुगतान गर्नेछ ।देशमा प्रतिवर्ष सड़क दुर्घटनामा धेरै संख्यामा मानिसहरुको मृतु तत्काल उपचार नपाउदा हुने गर्दछ ।

## गुजरात-अमित शाह

गृहमन्त्री अमित शाहले आज गुजरातको गान्धीनगरस्थित महात्मा मन्दिरमा देशको पहिलो केन्द्रीय बैंक डिजिटल मुद्रा-आधारित सार्वजनिक वितरण प्रणालीको उद्घाटन गर्नुहुनेछ। गुजरात सरकारको यो डिजिटल मुद्रा पहलले अन्न वितरणलाई अझ पारदर्शी र त्रुटिरहित बनाउने लक्ष्य राखेको छ। यस अवसरमा राज्यको खाद्य सुरक्षा सञ्जाललाई सुदृढ पार्ने उद्देश्यले अन्न एटीएम र विशेष पोषण अभियान पनि सुरु गरिनेछ।

## सीतारामनम्यूनिख

वित्त मंत्री निर्मला सीतारामनले जर्मनीको म्यूनिखमा यूरोपीय अनि अंतरराष्ट्रीय मामलाहरुका मंत्री एरिक बेइसवेंगरसित भेट गर्नुभयो। सोशल मीडिया पोस्टमा, सुश्री सीतारामनले भन्नुभयो कि यस वर्ष जनवरीमा जर्मन चांसलर भारत यात्रामा आउनुभएको थियो। उहाले भन्नुभयो – भेटघाटको अवधि दुवै देशहरु बीच गहिरो द्विपक्षीय साझेदारीलाई बलियो बनाउने विषय माथि बातचीत भएको थियो। दुवै नेताहरु बीच हालैमा संपन्न भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता (एफटीए) माथि पनि चर्चा भयो। बैठकमा हरित एवं सतत साझेदारीको माध्यम द्वारा जलवायु वित्तपोषणको अवसरहरुको पत्तो लगाउनको साथै दुवै देशहरुको पुनः स्थापित गरिने उद्योगहरुमा सर्वोत्तम तौर-तरीकाहरुको आदान-प्रदान माथि पनि विचार गरियो।वित्त मंत्रीले कौशल विकास माथि भारतको विशेष ध्यान दिईने अनि स्वास्थ्य सेवा क्षेत्रमा कौशल विकासको लागि केंद्रीय बजट 2026-27 मा गरिएको घोषणाहरु बारे पनि बताईयो।

## जयशंकर-म्यूनिख बैठक

विदेश मंत्री डॉ. सुब्रह्मण्यम जयशंकरले म्यूनिख सुरक्षा सम्मेलनको अवसरमा जर्मनीका विदेश मंत्री जोहान वाडेफुलसित द्विपक्षीय बैठक गर्नुभयो।डॉ. जयशंकरले हिज सोशल मीडिया पोस्टमा भन्नुभयो कि बैठकको अवधि विभिन्न क्षेत्रहरुमा सहयोगको प्रगति बारे आकलन अनि क्षेत्रीय संवेदनशील मुद्दाहरु माथि चर्चा गरियो। विदेश मंत्रीले कनाडाका विदेश मंत्री अनीता आनंदसित पनि भेट गर्नुभयो। उहाले भन्नुभयो - भारत-कनाडा सम्बंधमा लगातार प्रगति भइरहेको छ।डॉ. जयशंकरले चेक गणराज्यका उप प्रधानमंत्री अनि विदेश मंत्री पेट्र मैकिंका सित पनि आर्थिक एवं रक्षा सहयोगलाई दह्लिो बनाउने बिषय माथि चर्चा गर्नुभयो। डॉ. जयशंकरले उप प्रधानमंत्री चाडै भारत आउनुहुने आशा पनि व्यक्त गर्नुभयो।

## शिवराज सिंह चौहान, कांग्रेस

केंद्रीय कृषि एवं किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले कांग्रेस पार्टीले राष्ट्रिय हितलाई बेवास्ता गरेको आरोप लगाएकोछ। सामाजिक सञ्जालमा पोस्ट गर्दै चौहानले भन्नु भयो देश अहिले आर्थिक विकासको महत्वपूर्ण चरणबाट गुज्रिरहेको छ, तर दुर्भाग्यवश, कांग्रेस पार्टी र राहुल गान्धी झूट र गलत सूचना फैलाउनमा संलग्न छन्।

## सिग्नल कोर - स्थापना दिवस

सेनाको सिग्नल कोरले आज आफ्नो 116 औ स्थापना दिवस मनाईरहेको छ। बर्ष 1911 मा आजकै दिन आफ्नो स्थापना पछि देखि लगातार सिग्नल कोरले भारतीय सेनाको संचारलाई असल बनाएको छ। कोरले 21 औ सताब्दीको डिजिटल क्रांतिको साथ कदम मिलाएर अघि बढिरहेको छ अनि अत्याधुनिक आधुनिक संचार तकनीकहरुको उपयोग गरिरहेको छ। यो एकाई संघर्षको सबै पक्षहरुमा बहुआयामी खतरा भएको वातावरणमा भारतीय सेनाको चुनौतीपूर्ण आवश्यकताहरुलाई पूरा गर्नको लागि पूर्ण रुपमा तैयार छ। सिग्नल ऑफिसर इन चीफ, लेफ्टिनेंट जनरल विवेक डोगराले भन्नुभयो – बिगत एक वर्षमा सिग्नल कोरले भविष्यको सशस्त्र शक्तिको रूपमा परिचालन तत्परतालाई सुगम बनाउने अनि राष्ट्रीय सुरक्षा उद्देश्यहरुलाई अघि बढ़ानमा महत्वपूर्ण भूमिका निभाएको छ। उहाले कर्तव्यको पथमा सर्वोच्च बलिदान दिने वीर सिग्नल कर्मिहरुलाई श्रद्धांजलि अर्पित गर्नुभयो।

## प्रल्हाद जोशी - भारत-अमेरिका

**केन्द्रीय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री प्रल्हाद जोशीले भारत-अमेरिका द्विपक्षीय व्यापार सम्झौताले भारतको कपडा उद्योगको विकासमा नयाँ गति प्रदान गर्ने बताउनु भयो। श्री जोशीले यो व्यापार सम्झौताले ११३.७६ अर्ब डलरको अमेरिकी बजारमा पहुँच बढाउने र महत्वपूर्ण सुल्क कटौती मार्फत निर्यात प्रतिस्पर्धात्मकतामा सुधार गर्ने बताउनु भयो।**

**महाशिवरात्रि**

आज महाशिवरात्रिको त्योहार देशभरिमै श्रद्धा अनि आध्यात्मिक उत्साहको साथ मनाइन्दै छ। भगवान शिवका भक्तहरुका लागि सबैभन्दा पवित्र मानिने यस दिन उपवास, विशेष प्रार्थनाहरु अनि मन्दिरहरुमा रात भरि पूजा-अर्चना गरिन्छ। हजारौं भक्त शांति अनि समृद्धिका लागि आशीर्वाद प्राप्त गर्न तीर्थ स्थलहरुमा स्नान गर्दछन्।

**केरल SIR**

केरलका मुख्य निर्वाचन अधिकारीले मतदाता नामावलीको विशेष गहन पुनरीक्षण अन्तर्गत ३६ लाख ८८ हजार मतदाताहरूको सुनुवाइ सम्पन्न भएको बताउनुभएको छ। यस अभियानको उद्देश्य सूचना जारी गरिएकाहरूलाई सुनुवाइको लागि पर्याप्त अवसर प्रदान गर्नु र कुनै पनि मतदाता मताधिकारबाट वञ्चित नहोस् भन्ने कुरा सुनिश्चित गर्नु हो। राज्यको लागि अन्तिम मतदाता सूची यस महिनाको २१ तारिखमा जारी गरिनेछ।

**आईसीसी पुरुष टी20 - भारत - पाकिस्तान**

पुरुष टी-ट्वेटी क्रिकेट विश्व कप 2026 को एक रोमांचक म्याचमा आज कोलंबोको आर प्रेमदासा स्टेडियममा भारतको भिडन्त पाकिस्तानसित हुनेछ। दुवै टिमले आफ्नो जीतको क्रम जारी राख्नको लागि प्रयास गर्नेछ। म्याच भारतीय समयानुसार साझ 7 बजे देखि शुरु हुनेछ। दुवै टिम दुई-दुई वटा म्याचहरु खेलेर 4-4 अंक परमा छ।